# शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

५ नं. प्रदेश, नेपाल

च.नं. ५५५ मिति :- २०७५।८।६

विषय :- निर्णय कार्यान्वयन एवं जानकारीको लागि पठाईएको समवन्धमा ।

श्री शितगंगा नगरपालिका

सबै वडा कार्यालय, शि. न. पा. अर्घाखाँची, ५ नं. प्रदेश नेपाल ।

प्रस्तुत विषयमा शितगंगा नगरपालिकाको नगरकार्यपालिकाको मिति २०७५।६।२१, मिति २०७५/७/१८ र मिति २०७५।८।५ मा बसेको बैठकले गरेका निर्णयहरु यसै साथ संलग्न राखी आवश्यक कार्यान्वयन एवं जानकारीको लागि पठाईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ कार्यार्थ

श्री शिक्षा तथा खेलकुद शाखा शिनपा :- शाखा सँग सम्वन्धीत निर्णय कार्यान्वयनको लागि ।

श्री आर्थिक प्रशासन शाखा शिनपा :- शाखा सँग सम्वन्धीत निर्णय कार्यान्वयनको लागि ।

श्री प्राविधिक शाखा शिनपा :- शाखा सँग सम्वन्धीत निर्णय कार्यान्वयनको लागि ।

श्री सूचना तथा प्रविधि र प्रशासन शाखा शिनपा :- शाखा सँग सम्वन्धीत निर्णय कार्यान्वयन र नगरपालिकाको Website मा राख्न ।

२०७५।८।६

प्रमुख प्रशासकीय अधिकृत

०।८

मिति २०७५ असोज २१ गते नगर कार्यपालिकाका बैठकका निर्णयहरु ।

निर्णयहरु

१. आ.व. २०७४/७५ को महालेखा परिक्षकको कार्यालयबाट भएको लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।

प्रत्येक सार्वजनिक निकायहरूले सालबसाली रूपमा गर्ने खर्चको आन्तरिक तथा बाह्य लेखापरिक्षण गर्नु पर्ने संबैधानिक व्यवस्था बमोजिम आ.व. २०७४/७५ को खर्च तथा आयको लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा सम्पन्नभई प्रारम्भिक प्रतिवेदन समेत प्राप्तभएको छ ।

सो सम्बन्धमा प्रारम्भिक प्रतिवेदन कार्यपालिकामा छलफल गरी व्यहोरा अवगत गर्ने, प्रतिवेदनमा औंल्याईएको असुल गर्नुपर्ने बेरूजु असुल गर्ने, नियमित गर्नु पर्ने बेरूजु नियमित गराउने र पेश्की बेरूजु फर्छ्यौट गरी जवाफ पठाउन र सम्परिक्षण गराउन लेखा उत्तरदायी अधिकृतलाई निर्देशन दिने निर्णय भयो ।

२. नगर वास समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

शितगंगा नगरपालिकाको वास व्यवस्थापन समितिको मिति २०७५/५/८ गतेको बैठकले गरेका निम्न बमोजिमका निर्णयहरू अनुमोदन गर्ने निर्णय भयो ।

२.१ शितगंगा नगरपालिका अन्तर्गत पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चौमासिक भित्र फेज आउट हुदैछ । यस परियोजना अन्तर्गत वास युनिटमा कार्यरत वास संयोजक र वास प्राविधिकको साविकमा खाईपाई आएको मासिक तलव तथा सुविधा यथावत राखी फागुन मसान्त सम्म करारमा राख्ने । साथै परियोजनाबाट अगुवावास सहजकर्ता सन्तोष आले मगरको लागि तलव भत्ता र अन्य सुविधाको लागि रकम प्राप्त नभएकोले म्याचिङ्गमा रकम विनियोजन गरी फागुन मसान्त सम्म नगरपालिकाको सरसफाईको काममा लगाउने ।

२.२ पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना फिनल्याण्ड सरकार, नेपाल सरकार र नगरपालिकाको समपुरक अनुदान समेत गरी संयुक्त लागत सहभागितामा सञ्चालित भएको परियोजना हो । सो सम्बन्धमा यस आ.व.मा नेपाल सरकार र फिनल्याण्ड सरकारबाट प्राप्त ६२ लाख १६ हजार, फिनल्याण्ड सरकारबाट प्राप्त हुने अतिरिक्त बजेट रू. १२ लाख ६० हजार प्राप्त भएको छ । परियोजनाको सम्झौता अनुसारको नगरपालिकाले गर्नुपर्ने समपुरक अनुदान वापतको रू १३,०९,०९० /-विनियोजन गर्ने निर्णय भयो ।

२.३ नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको च.नं. २० मिति २०७५/४/३१ को पत्रअनुसार परियोजना अन्तर्गत वास सव ईञ्जिनियर पदमा कार्यरत सन्त वहादुर मुखियाको तलव तथा सेवा सुविधा यस नगरपालिकामा आएकोमा निजले जिल्ला भित्रका परियोजना लागु भएका अन्य पालिकाहरूमा समेत कार्य गर्नुपर्ने भएकोले जिल्ला परियोजना अधिकृतको सिफारिसमा तलव भत्ता , अन्य सुविधा र दैनिक भ्रमण भत्ता साविककै बमोजिम उपलब्ध गराउने ।

३. कृषितर्फको सशर्त कार्यक्रमको बाँडफाँड सम्बन्धमा ।

शितगंगा नगरपालिकालाई प्राप्त कृषि तर्फको सशर्त अनुदानमा साना सिचाईको लागि रू. ७ लाख ५० हजार विनियोजन भएकोमा प्लाष्टिक सिचाई पोखरी खरिद गर्ने जिम्मा कृषि शाखालाई दिने निर्णय भयो । साथै नगरपालिका भित्र आवश्यकताको आधारमा वितरण गर्ने समेत निर्णय भयो ।

४. जिल्ला समन्वय समिति तथा अन्य निकायबाट समायोजन भई आएका स्थायी तथा अस्थायी कर्मचारीहरूको तलवी प्रतिवेदन सम्बन्धमा ।

यस नगरपालिकामा जिल्ला समन्वय समिति, जिल्ला प्राविधिक कार्यालय र अन्य निकायबाट आएका स्थायी तथा अस्थायी निम्न बमोजिमका कर्मचारीहरूको आ.व. २०७५/७६ को तलवी प्रतिवेदन पारित गरी आउँदो नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१. नायव सुव्वा श्री नुमलाल खनाल, २. सव-इन्जिनियर श्री हुम वहादुर लामिछाने ३. हलुका सवारी चालक श्री मान वहादुर खनाल, ४. खा.पा. स. टे श्री सुदिप आचार्य

५. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयको पत्रको सम्बन्धमा ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको च.नं. ६८५ मिति २०७५/६/११ को पत्रको बारेमा आजको बैठकमा पढेर जानकारी भयो । सो सम्बन्धमा कुनै अनियमितता भएको अवस्था नदेखिएको व्यक्तिगत

रिसिविका कारण कार्य नहोस भन्ने हेतुले उजुरी गरेजस्तो देखियो । अख्तियार दुरूपयोग अनुसन्धान कार्यालयबाट माग भएबमोजिमका आवश्यक कागजातहरू पठाई अनुसन्धान कार्यमा आवश्यक सहयोग गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. शिनपा १३ निवासी राम बहादुर वि.सी. ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयलाई लेखि यस कार्यालयलाई दिएको निवेदनका सम्वन्धमा ।

शितगंगा नगरपालिका वडा नं. १३ निवासी जग बहादुरको छोरा वर्ष ६८ को राम बहादुर वि.सी.ले साविक सिमलपानी गाविस वडा नं. ८ हाल शिनपा १३ अर्न्तगतको देउराली पाहारे भन्ने सामुदायिक वनमा विभिन्न शिर्षको ४४,५०,०००।- रकम समितिको अध्यक्ष र कोषाध्यक्षले हिनामिना गरी भ्रस्टाचार गरेको भन्ने व्यहोरा उल्लेख गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयलाई लेखि यस कार्यालयलाई बोधार्थ दिई लेखेको निवेदन आजको बैठकमा जानकारी भयो । सो सम्वन्धमा कार्यालयबाट आवश्यक अनुगमन/अनुसन्धान गरी नगरकार्यपालिका समक्ष सो को विस्तृत प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

७. जिल्ला समन्वय समितिको कार्यालय अ.खा.को च.नं. १५१ मिति २०७५/६/११ गतेको पत्रका सम्वन्धमा ।

जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँचीको च.नं. १५१ को पत्रबाट भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ बुटवलबाट माग भएबमोजिम भालुवाङ्ग लामाताल नुवाकोट पकले गुणथुम खनदह खनगुफा पिपलधारा खरवाङ्ग सडकको ठेगाना अर्घाखाँची भनि रू १३१०६०००।- वजेट विनियोजन भएकोले सो को लागत अनुमान तयार गरी उक्त मन्त्रालयमा पठाई यस कार्यालयलाई जानकारी गराउन भन्ने पत्रका सम्वन्धमा यस कार्यालयका प्राविधिक कर्मचारीबाट यस सिनपा ७ र ८ मा पर्ने भालुवाङ्ग सातमारा लाहापे खण्ड र बढीदमार लामाताल खण्डको सडक स्तरोन्नती तथा विस्तार गर्ने कार्यको लागत अनुमान तयार गरी सम्वन्धित निकायमा पठाईदिने निर्णय गरियो ।

८ महिला स्वंयम सेविका थप गर्ने सम्वन्धमा ।

भौगोलिक रुपमा ठूलो र विकट वडा शिनपा १४ को खोरमोर तोरीवारी क्षेत्रमा जनघनत्व रहेको तर सो क्षेत्रमा सामान्य स्वास्थ्य जानकारी तथा सेवाको लागि महिला स्वास्थ्य स्वंयम सेविका नभएकोले वडा नं. १४ बाट माग तथा निर्णय भई आएको हुदा शिनपा १४ खोरमोर तोरीवासी निवासी दमा सारू मगर लाई महिला स्वास्थ्य स्वंयम सेविकामा राख्ने निर्णय गरियो ।

९. राहत सम्वन्धमा ।

यस वर्षको वर्षादका कारण शिनपा २ घुम्तीमा नयाँ वनेको मोतिराज घिमिरेको घर पूरै पहिरोले पुरी घर वार विहिन वनाएको र शिनपा १४ को देउराली बाख्रा फर्म महिरोले बगाउदा उक्त खोर सहित खोरमा रहेको ३२ वटा वाख्रा सबै मरेकाले सम्वन्धित व्यक्तिहरूबाट राहत माग भई आएको सन्दर्भमा आजको बैठकमा छलफल भयो । चालु आ.व.को लागि विपद व्यावस्थापन कोष शिर्षकमा विनियोजन भएको रकमबाट निजहरूलाई २५/२५ हजारका दरले क्षतिका फोटा तथा आवश्यक कागजातहरू पेश गर्न लगाई राहत स्वरूप दिने निर्णय गरियो ।

१०. भवन आचार सहिता कार्यान्वियन सम्वन्धमा ।

जिल्ला प्रशासन कार्यालय अ.खा.को च.नं ५३२ मिति २०७५/६/१७ को पत्रसाथ प्राप्त महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयको पत्र आजको बैठकमा प्रस्तुत भयो । सो सम्वन्धमा यस नगरपालिका भित्र निर्माण हुने भवन, शौचालय लगायतका भौतिक संरचनाहरू निर्माण गर्दा अपाङ्गता मैत्री वनाउन सबैले आ-आफ्ने क्षेत्रबाट आवश्यक सहयोग गर्ने । साथै लागत अनुमान, डिजाईन तयार गर्दा नै सो विषयलाई ध्यान दिन प्राविधिक कर्मचारीहरूलाई निर्देशन दिने निर्णया गरियो ।

११. राजश्व तथा वजेट व्यवस्थापन सम्वन्धमा ।

आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवलको च.नं. १४८ मिति २०७५ ६ १४ गतेको पत्र आजको बैठकमा प्रस्तुत भयो । उक्त पत्रमा उल्लेखि विषयलाई मध्यनजर गर्दै सो बमोजिम कार्यान्वियन को लागि जोड दिने निर्णय गरियो ।

१२ दररेट सम्वन्धमा ।

शितगंगा हेविइक्यूपमेन्ट समितिको मिति २०७५/६/१५ गतेको पत्र र पत्रसाथ प्राप्त निर्णय प्रतिलिपी आजको बैठकमा पेश भई छलफल तथा जानकारी प्राप्त भयो ।

१३. जिल्ला प्रशासन कार्यालय अ.खा. को लागु औषधि नियन्त्रण कार्ययोजना, २०७५ कार्यान्वयन सम्वन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

जिल्ला प्रशासन कार्यालय अ.खा. को लागु औषधि नियन्त्रण कार्ययोजना, २०७५ कार्यान्वियन र सो सँग प्राप्त कार्ययोजना २०७५ आजको बैठकमा जानकारी भयो । सो सम्बन्धमा विशेष गरी तराई सँग जोडिएका वडाहरूमा जनचेतना मुलक कार्यक्रम संचालन गर्ने र आ-आफ्नो क्षेत्रमा अन्य कार्यक्रमहरूमा समेत लागू औषधिको दुरूपयोगबाट हुने असरको वारेमा जानकारी गराउने निर्णय गरियो ।

१४. डेलिगेसन अनुमोदन सम्बन्धमा ।
यस शितगंगा नगरपालिकाको विकास निर्माण लगायतका विभिन्न विषय र चाक्ला सिद्धारा बाटो निर्माण समेतका विषयमा मिति २०७४/१०/४ देखि मिति २०७४/१०/१३ गते सम्म नगर प्रमुख, उप प्रमुख, वडा नं. ८ र १० का वडा अध्यक्षहरू समेत डेलिगेसन गएको र उक्त डेलिगेसनमा जम्मा रू १,७४,०००।- खर्च भएकोले उक्त डेलिकेसन तथा खर्चलाई अनुमोदन गर्दै सो कार्यका लागि वडा नं. १० का वडा अध्यक्ष हिम्मत पोख्रेलले लिएको रू १ लाख पेश्की नियमानुसार फर्छौट गरी विल भरपाईका आधारमा बाँकी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१५. भुकम्पबाट प्रभावित निजी आवास पूनः निर्माण राजश्व सम्बन्धमा ।
जिल्ला आयोजना कार्यान्वियन इकाई सन्धिखर्क अ.खा. को च.नं. ७१ मिति २०७५/६/११ गतेको पत्र साथ केन्द्रीय आयोजना कार्यान्वियन इकाई को पत्र आजको बैठकमा जानकारी भयो । उक्त पत्रमा उललेख भएबमोजिम भुकम्पबाट क्षति भई घरहरू पुनः निर्माण गर्ने प्रयोजनमा आवश्यक पर्ने सिफारीस लगायतका विषयमा निःशुल्क गर्ने निर्णय गरियो ।

१६. असुरक्षित गर्भ पतनबाट हुने जोखिम कम गर्नको लागि सितापुर, सिमलपानी, जलुकेमा कार्यरत महिला स्वास्थ्य स्वंयम सेविकाहरूलाई अभिमुखिकरण तालिम र यस नगरपालिकाको १४ वटै वडाहरूमा स्वास्थ्य आमा समूहहरूको लागि चेतना मुलक अभिमुखिकरण तालिम संचालन गर्न प्रस्ताव तयार गरी स्वीकृत गराई सो बमोजिमको वजेटको आवश्यक व्यवस्था गरी कार्यान्वय गर्ने निर्णय गरियो ।

१७. माथिल्लो सितखोला साना जलविद्युत आयोजनाको उत्पादन अनुमती सम्बन्धमा ।
माथिल्लो सितखोला साना जलविद्युत आयोजनाको स्थानीय तहमा आवद्धता अध्ययन, सर्वेक्षण, उत्पादन र प्रशासरण अनुमती का लागि एलाइन्स इजर्जी सोदुसन्स प्रा.लि. काठमाण्डौंले यस कार्यालयमा निवेदन पेश गरेको सम्बन्धमा विद्युत विकास विभाग को च.नं. २८६६ मिति २०७२/२/६ गतेको माथिलो सितखोला साना जलविद्युत आयोजना को सर्भेक्षण स्वीकृती प्रदान गरेको त्यसै गरी नेपाल विद्युत प्राधिकरण विद्युत ब्यापार विभाग सँग मिति २०७५/४/१६ मा विद्युत खरिद बिक्री सम्झौता भएका पत्रहरू समेतका कागजातहरू संलग्न भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड (ध) ३ अनुसार १ मेघावाट सम्मका जलविद्युत आयोजनाको उत्पादन अनुमती दिने ब्यवस्था सम्बन्धीत स्थानीय तहलाई भएकोले सो को उत्पादन अनुमती प्रदान गर्ने निर्णय गरियो ।

१८. अख्तियारी दिने सम्बन्धमा ।
प्रस्ताव नं १८ माथी छलफल गर्दा निवेदक नेपाल कर्मचारी युनियनकोतर्फबाट कमल प्रसाद खतिवडासमेत विपक्षी प्रत्यर्थी प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार लगायत यस शितगंगा नगरकार्यपालिका, शितगंगा नगरपालिकाको कार्यालय, अर्घाखाँची समेत रहेको सर्वोच्च अदालत काठमाण्डौंमा रहेको रिट नं 074-wo -0312 मुद्दामा शितगंगा नगरकार्यपालिका, शितगंगा नगरपालिकाको कार्यालय, अर्घाखाँचीको तर्फबाट लिखित जवाफ पेश गर्नका लागि यस नगरकार्यपालिका, शिक्षा युवा तथा खेलकुद शाखाका शाखा अधिकृत श्री माधव वन्जाडेलाई अख्तियारी दिई पठाउने साथै निजले पेश गरेको लिखित जवाफ उपर कुनै दावी विरोध वा उजुरी नगर्ने निर्णय गरियो ।

मिति २०७५ कार्तिक १८ गते नगर कार्यपालिकाका बैठकका निर्णयहरु ।

निर्णयहरु

१. एकीकृत घुम्ती शिविरको खर्च भुक्तानी सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको वडा नं. १४ मा मिति २०७५/२/२७ र २८ गते, वडा नं. ११ मा मिति २०७५/२/२८ गते र वडा नं. ८ मा मिति २०७५/२/३० गते जिल्ला प्रशासन कार्यालय, यस नगरपालिका लगायतका कार्यालयबाट एकीकृत घुम्ती शिविर सम्पन्न भएकोमा उक्त घुम्ती शिविरहरू संचालन गर्दा भएको तपशिल बमोजिमको खर्च भुक्तानीको लागि सम्वन्धित वडा कार्यालयबाट माग भई आएकोमा हाल सम्म उक्त रमक भुक्तानी नभएकोले सो रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

वडा नं. १४ खर्च भएको भुक्तानी दिने रकम रू ३४७००।-

वडा नं. ११ खर्च भएको भुक्तानी दिने रकम रू १७०००।-

वडा नं. ८ खर्च भएको भुक्तानी दिने रकम रू २५०००।-

२. राजपत्र प्रकाशन सम्वन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउन सक्नेछ र सोही दफामा स्थानीय राजपत्रमा प्रकाशन गरेपछी मात्र कानून लागू हुने व्यवस्था भएकोले यस नगरपालिकाको हाल सम्म पारित कानूनहरू समावेश गरी शितगंगा राजपत्र नामको राजपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

३. डेलिगेशन अनुमोदन सम्वन्धमा ।

यस नगरपालिकाको विकास निर्माणका सम्बन्धमा संघीय तहबाट प्राप्त गर्न सकिने विभिन्न विषयमा उर्जा मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, राष्ट्रपती चुरे तराई संरक्षण समिति, शिक्षा मन्त्रालय, त्रिभुवन विश्व विद्यालय अनुदान आयोग र भौतिक योजना मन्त्रालय समेतमा नगर प्रमुख, उप-प्रमुख, वडा नं. ३ का वडा अध्यक्ष, ज्योति क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष, नारायण सिंह वेल्वासे समेत मिति २०७५/७/११ गते देखि मिति २०७५/७/१६ गते सम्म काठमाण्डौमा गएकोले उक्त डेलिगेशनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ र ५ नं. प्रदेश अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ र सो को संसोधन सम्वन्धमा ।

प्रदेश र स्थानीय तहको साझा सूचीमा रहेको नदीजन्य पदार्थको व्यवस्थापन कार्यविधि २०७५ प्रदेश सरकारबाट पारित भएको विषय र ५ नं. प्रदेश अर्न्तगतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ र सो को संसोधन समेतको सम्वन्धमा कार्यपालिकामा पेश भई व्यहोरा अवगत गरियो । वडा समितिको वडा समितिका पदाधिकारी, वडा सचिव र सहयोगी कर्मचारी एक जनालाई भत्ता उपलब्ध गराउने र बैठक आवश्यक्ता अनुसार बस्ने, बैठक बसेको आधारमा प्रति महिनामा बढीमा दुई वटा बैठकको मात्र भत्ता उपलब्ध गराईने र सो बमोजिम गर्न गराउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो । साथै तेस्रो नगरसभाबाट स्वीकृत दररेटमा प्रदेश कानुन बमोजिम तोकी आएकोले निम्न अनुसार दररेट कायम गर्ने ।

तपशिल

- ढुङ्गा, गिट्टी, बालुवा प्रति क्यव फिट रू ३।-
- माटो प्रति क्यव फिट रू १।-
- दहत्तर बहत्तर प्रति के.जी. रू १।-

५. हाल सम्म भएका आन्तरिक श्रोत ठेक्का व्यवस्थापन सम्वन्धमा ।

शितगंगा नगरपालिकाको कार्यालयबाट चालु आ.व.को लागि विभिन्न शिर्षकमा सेवा, शुल्क, दस्तुर संकलनको लागि सूचना प्रकाशन भएकोमा विभिन्न ८ वटा सडकहरूमा पूर्वाधार कर संकलनको लागि ठेक्का भई रकम जम्मा भई सकेको त्यसै गरी नगरपालिका क्षेत्र भित्रको कवाड र निकासी कर संकलनको लागि समेत ठेक्का भई रकम

संकलन भई सकेको जानकारी भयो । त्यस्तै विक्रम पावरा सिमलपानी सडकमा हाल सम्म तेस्रो बढी रकम कवोल गर्नेलाई पत्राचार गर्दा समेत सम्झौताको लागि नआएकोले नियमानुसार पुनः सूचना गर्ने, सितापुर सुवर्णखाल नेटापोखरा सडक र ठाडा जुकेना जलुके सडकको पूर्वाधार उपयोग कर संकलनको लागि प्रथम पटक सूचना प्रकाशन भई परेका ठेक्का मध्ये प्रथम, दोस्रो र तेस्रो वढी अङ्क कवोल गर्ने कोही पनि सम्झौताको लागि नआई पुनः सूचना प्रकाशन गरी परेका व्यक्तिलाई पत्राचार गर्दा समेत हाल सम्म सम्झौताको लागि नआएको विषय समेत जानकारी भयो ।

६. "घ" वर्गको इजाजत पत्र प्रदान सम्वन्धमा ।

शितगंगा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुराई परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारीस भई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश हुन आएको संचालक शितगंगा नगरपालिका वडा नं. ४ निवासी श्री हरि प्रसाद गैरे रहेको अर्घा भगवती कन्स्ट्रक्सन शितगंगा नगरपालिका वडा नं. ४ अर्घाखाँची नामको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

७. जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा ।

यस शितगंगा नगरपालिका भित्र बसोवास गर्ने जेष्ठ नागरिक नगरवासीहरूलाई जेष्ठ नागरिक परिचय पत्र नगरपालिकाको महिला वालवालिका शाखावाट वितरण गर्ने निर्णय गरियो ।

८. पूर्व निर्णय हेरफेर सम्वन्धमा ।

मिति २०७५/६/२१ को निर्णय नं. १७ को माथिल्लो सितखोला साना जलविद्युत योजनाको स्वीकृत दिने सम्वन्धमा गरेको निर्णय हाललाई कार्यान्वयन नगर्ने निर्णय गरियो । त्यसै गरी सोही मितिको निर्णय नं. ३ को सम्वन्धमा साना सिंचाई अर्न्तगत विनियोजन भएको रकमवाट प्रत्येक वडालाई रू ५० हजारका दरले एक/एक वटा साना सिंचाई सम्बन्धि योजना छनौट गरी पेश गर्न लगाई सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७५ मंसीर ५ गतेको नगर कार्यपालिकाका बैठकका निर्णयहरु ।

निर्णयहरु

१. वडाको प्रशासनिक खर्च सम्बन्धमा ।

वडाले आफ्नो दैनिक कार्यसञ्चालन गरी प्रभावकारी रुपमा कार्य सम्पादन गर्न खर्चको आवश्यकता पर्ने भएकोले वडालाई बार्षिक रुपमा निम्न बमोजिमको शिर्षकमा प्रशासनिक खर्च उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त रकम वडाका कार्यालय सहयोगिका नाममा उपलब्ध गराउने निर्णय गरियो ।

बैठक खाजा खर्च समेत विविधमा रु १५००००।-
वडामा इन्धन रु ५००००।-
वडा योजना तर्जुमा गोष्ठी रु ४००००।-
अनुगमन खर्च रु ६००००।-

२. योजना कार्यान्वयन सम्बन्धमा ।

चालु आ.व. ०७५/०७६ मा यस नगरपालिकाबाट कार्यान्वयन हुने गरी तेस्रो नगरसभाबाट स्वीकृत रु १० लाख भन्दा बढी बजेट विनियोजन भएका योजनाहरु प्रतिस्पर्धात्मक दरभाउपत्र/बोलपत्र आव्हान गरी कार्यान्वयन गर्ने निर्णय गरियो । साथै आवश्यक्ता अनुसार सो उल्लेखित रकम भन्दा कम विनियोजन भएका समितिले कार्यान्वयन नगर्ने अन्य योजनाहरु समेत माथि उल्लेखित प्रकृयाबाट कार्यान्वयन गर्न सकिने र उक्त प्रकृयाबाट संचालन भई सम्पन्न भएका योजनाहरु सम्बन्धित वडाका वडा अध्यक्षले सम्पन्न भएको सिफारीस गरेको आधारमा अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

३. योजनाको लागि रकम विनियोजन सम्बन्धमा ।

यस शिनपा को वडा नं. ८ मा रहेको लामिदमार स्वास्थ्य चौकी मा वडा कार्यालय समेत संचालन भईरहेको अवस्थामा मिति २०७५ असार १६ गते अज्ञात समूहबाट आगजनी भई कार्यालय जलेकोले सो को मर्मत गर्न रु ३६००००।- विनियोजन गर्ने । त्यसै गरी मुसियान विद्यालय र करेचुली विद्यालय मर्मतको लागी रु ५०/५० हजारका दरले रकम विनियोजन गर्ने निर्णय गरियो ।

४. उपभोक्ता समिति गठन, परिचालन र कार्यान्वयन सम्बन्धि कार्यविधिमा संसोधन सम्बन्धमा ।

उपभोक्ता समिति गठन, परिचालन र कार्यान्वयन सम्बन्धि कार्यविधिमा उपभोक्ता समितिको श्रमदानको अंश १५ प्रतिशत तोकिएकोमा सो लाई संसोधन गरी समितिबाट संचालन हुने सवै योजनाहरुमा श्रमदानको अंश घटाई न्यूनतम ५ प्रतिशत कायम गर्ने ।

५. सुपादेउराली मन्दिर सम्बन्धमा ।

यस नगरपालिका र सन्धिखर्क नगरपालिकाको शिमानामा रहेको सुपा देउराली मन्दिरको सिमानाको नाप नक्सा गराई संयुक्त सञ्चालक समिति गठन र सो मन्दिरको आय श्रोतलाई बराबर बाँडफाड गर्ने व्यवस्था मिलाई दिन जिल्ला समन्वय समिति अर्घाखाँचीलाई अनुरोध गर्ने निर्णय गरियो ।